नेपाल सरकार

मा. डा. मदन प्रसाद परियार
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं
इमेल: madan.pariyar1968@gmail.com

## शुभकामना

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९/०५/२७ मा हरेक वर्ष माघ १ गते **राष्ट्रिय कृषि जैविक विविधता दिवस** मनाउने निर्णय भए बमोजिम **"कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदा: संरक्षण, उपयोग र प्रवर्द्धनमा युवा सहभागिता"** नाराका साथ आज मनाईदै गरेको **चौथो** राष्ट्रिय कृषि जैविक विविधता दिवसका अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाल जैविक विविधता सम्वन्धी महासन्धि (Convention on Biological Diversity–CBD) को पक्षराष्ट्र रहेको तथा नेपालले दिगो विकास लक्ष्यलाई आत्मसात गरी आवधिक योजनामा आन्तरिकीकरण समेत गरेको छ। कृषि जैविक विविधता संरक्षण, सम्वर्द्धन र उपयोगका लागि नेपाल सरकारबाट नीतिगत, कानुनी र संस्थागत व्यवस्था हुँदै आएको छ। नेपाल सरकारले कृषि जैविक विविधता नीति, २०६३, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ जारी गरी कार्यान्वयन गरेको छ। जैविक विविधताको महत्वपूर्ण स्रोतको रुपमा रहेको नेपालका रैथाने तथा स्थानीय बालीका जात दर्ता सहजीकरणका लागि बीउ बिजन ऐन, २०८१ मा विशेष व्यवस्था गरिएको छ। हाल नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय कृषि आनुवांशिक स्रोत केन्द्रबाट कृषि जैविक विविधताको पर-स्थानीय संरक्षण (Ex-situ conservation) तथा बाली प्रजननमा उपयोग गर्ने कार्य समेत भैरहेको छ। कृषि विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विवधता संरक्षण केन्द्रबाट कृषि जैविक विविधता संरक्षणका लागि सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, स्व-स्थानीय संरक्षण (In-situ conservation) मा सहयोग एवं रैथाने बाली प्रवर्द्धनात्मक क्रियाकलाप र फार्म केन्द्रबाट फिल्ड जिन बैंक सञ्चालन गरी संरक्षणका क्रियाकलाप तथा ४० स्थानीय तहहरुमा सामुदायिक बीउ बैंकहरुको सुदृढीकरण मार्फत कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धनको कार्यक्रम सञ्चालन भईरहेको छ ।

कृषि जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा उपयोगमा सरकारी प्रयासका साथै युवाहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ। युवाहरु नवप्रवर्तन, आधुनिक प्रविधि अवलम्बन, अनुसन्धान, डिजिटल समाधान, उद्यमशिलता र मूल्य शृंखला विकास लगायतका क्रियाकलापका बाहक हुन सक्दछन् जसको माध्यमबाट कृषि जैविक विविधताको संरक्षण र उपयोगलाई नयाँ उचाइमा पुर्‍याउन सकिन्छ भन्ने मैले विश्वास लिएको छु। आधुनिक कृषि प्रणालीको अवलम्बनसँगै हाम्रो कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र उपयोग दिगो उत्पादन, वातावरणीय सन्तुलन तथा जलवायु जोखिम न्यूनीकरण एवं अनुकुलनका लागि अत्यन्तै महत्वपूर्ण रहेको छ। कृषि जैविक विविधता कृषि उत्पादनको महत्पपूर्ण साधन हुनुको साथै हाम्रो संस्कृति, परम्परा र राष्ट्रिय पहिचानसँग समेत गाँसिएको अमूल्य सम्पदा भएकोले यसको संरक्षण र प्रर्वद्धन भावी पुस्ताप्रतिको हाम्रो जिम्मेवारी समेत हो। यसको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा सहकार्य गर्नुहुने विकास साझेदार, गैह्र सरकारी संस्था एवं स्थानीयस्तरमा सञ्चालित संघ संस्थाहरुप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु र आगामी दिनमा अनुसन्धान, शिक्षा तथा प्रसारका कार्यमा सहकार्य एवं साझेदारी गरी यस क्षेत्रको संरक्षण र उपयोगमा हातेमालो गर्न सरोकारवाला सबैमा आह्वान समेत गर्दछु।

पुनश्च; राष्ट्रिय कृषि जैविक विविधता दिवस, माघे संक्रान्ती र माघी पर्वको शुभ अवसरमा सबैमा सुख, शान्ति, समृद्धि र सफलताको हार्दिक शुभकामना सहित हाम्रा मौलिक संस्कृति र सम्बद्ध कृषि जैविक विविधताको संरक्षणमा एकजुट हुन सबैमा अनुरोध गर्दछु।

धन्यवाद।

१ माघ २०८२, बिहीबार

डा. मदन प्रसाद परियार
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय